सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।



♦ वर्ष ९ ♦ अंक ३२९ ♦ २०८३ साल भदौ ३ बुधवार ♦ 19 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# आर्थिक अनुशासनमा कडाइ गर्दै मधेस प्रदेश सरकार

**खबर दर्पण समाचारदाता**

**भदौ २ गते, बर्दिवास**

मधेस प्रदेश सरकारले प्रदेशको वित्तीय सुशासन, पारदर्शिता र मितव्ययिता कायम गर्न सरकारी खर्चमा थप कडाइ गर्ने जनाएको छ। प्रदेश सरकारको अर्थ मन्त्रालयले मातहतका निकायलाई परिपत्र गरी सरकारी कोषको दुरुपयोग रोक्न तथा बजेटलाई नतिजामुखी बनाउन खर्च मापदण्ड कार्यान्वयनलाई प्रभावकारी बनाउन निर्देशन दिएको हो।




प्रदेशका अर्थमन्त्री युवराज भट्टराईका अनुसार प्रदेशको बजेटलाई नतिजामुखी बनाउँदै फजुल खर्च पूर्ण रूपमा रोक्न सरकारले आर्थिक अनुशासनमा कडाइ गरेको हो। प्रदेशको आन्तरिक आय तथा स्रोतको अवस्था विश्लेषण गर्दै खर्च व्यवस्थापनलाई थप व्यवस्थित बनाउन रणनीतिक सुधार कार्यान्वयनमा ल्याइएको जनाउँदै उनले सोहीअनुसार सम्बन्धित निकायलाई परिपत्र गरिएको बताए।

परिपत्र अनुसार मन्त्री तथा विशिष्ट पदाधिकारीले प्रयोग गरेका सरकारी सामान आप्नो कार्यकाल सकिएपछि आफैँ लैजान पाउने पुरानो अभ्यास अन्त्य गरिएको छ। अब जिन्सी सामान प्रयोग गर्ने पदाधिकारीले अनिवार्य रूपमा सामान बुझाएको भरपाइ वा रसिद लिनुपर्ने र पदावधि समाप्त भएपछि वा सरुवा भएमा सम्बन्धित सामान अनिवार्य रूपमा स्टोर शाखामा बुझाउनुपर्ने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए।

सरकारले कर्मचारी तथा पदाधिकारीको अनावश्यक भ्रमण नियन्त्रण गर्न पनि कडा व्यवस्था गरेको छ। प्रदेशभित्रको भ्रमणमा एकपटकमा बढीमा चार दिन र महिनाभरिमा अधिकतम १२ दिनभन्दा बढीको भ्रमण भत्ता नदिने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए। उनका अनुसार मन्त्रीका स्वकीय सचिवालयका कर्मचारीहरू मन्त्रीसँग भ्रमणमा जाँदा उहाँहरुको भ्रमण अवधिसम्मका लागि मात्र भत्ता पाउने स्पष्ट व्यवस्था गरिएको छ।

सवारीसाधनको जथाभावी प्रयोगलाई निरुत्साहित गर्न पनि निर्देशिकाले महत्त्वपूर्ण सुधार गरेको छ। यसअघि सवारीसाधन नपाउने कर्मचारीलाई सवारी साधन उपलब्ध गराउने व्यवस्था खारेज गरी अब कानुनले तोकेका सचिव तथा सो सरहका पदाधिकारीलाई मात्र सवारीसाधन उपलब्ध गराउने व्यवस्था गरिएको छ। तोकिएको दरबन्दीभन्दा बढी रहेका सवारीसाधनको विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सङ्कलन गरी आवश्यकता र औचित्यका आधारमा अन्य निकायमा हस्तान्तरण गर्ने नीति लिइएको छ।

अर्थमन्त्री भट्टराईका अनुसार सार्वजनिक स्रोतसाधनको दोहोरो प्रयोग र दुरुपयोग रोक्न सवारीसाधन व्यवस्थापनलाई उच्च प्राथमिकता दिइएको छ। यसले सरकारी खर्च घटाउनुका साथै उपलब्ध स्रोतलाई प्राथमिकताका क्षेत्रमा परिचालन गर्न सहयोग पुग्ने सरकारको विश्वास छ।

विगतमा अनावश्यक रूपमा कार्यक्रम तथा बैठक आयोजना गरी ठूलो रकम खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गरिएको छ। अब स्वीकृत लागत अनुमान र तोकिएको मापदण्डभित्र रहेर मात्र भैपरी खर्च गर्न पाइने व्यवस्था गरिएको मन्त्री भट्टराईले बताए। सामान्य हकार्यक्रम, गोष्ठी तथा नियमित बैठक होटलमा आयोजना गरी फजुल खर्च गर्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै त्यस्ता कार्यक्रम सरकारी कार्यालयमै सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ।

मन्त्री तथा अन्य पदाधिकारी सहभागी हुने कार्यक्रममा दिइने खाना तथा खाजा खर्चमा हुने विविधता हटाउँदै मापदण्डअनुसार एकरूपता कायम गरिएको छ। यसबाट सरकारी कार्यक्रमका नाममा हुने अनावश्यक खर्च कटौती हुने अपेक्षा गरिएको मन्त्री भट्टराईको कथन छ।

प्रदेश सरकारले आर्थिक वर्षको अन्त्यमा बजेट सक्नकै लागि जथाभावी खर्च गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न कार्यालय प्रमुख र आर्थिक प्रशासन प्रमुखलाई जिम्मेवार बनाउँदै स्वीकृत बजेटअनुसार खर्च नगरे जरिवानासहित असुलउपर गर्ने कानुनी प्रबन्ध मिलाइएको जनाएको छ।

अर्थमन्त्री भट्टराईका अनुसार असारे विकास र गैरजिम्मेवार खर्चको प्रवृत्तिलाई पूर्णरूपमा नियन्त्रण नगरेसम्म वित्तीय सुशासन कायम गर्न कठिन हुने भएकाले यस्तो व्यवस्था लागू गरिएको हो। स्रोत सुनिश्चितता नभएका बहुवर्षीय आयोजनाको घोषणा गर्ने प्रवृत्तिलाई रोक्दै प्रदेश नीति तथा योजना आयोगको प्राथमिकीकरण, मध्यमकालीन खर्च संरचना र वित्तीय स्रोतको सुनिश्चितताका आधारमा मात्र बहुवर्षीय आयोजना अघि बढाउने व्यवस्था कडाइ गरिएको छ।

मधेस प्रदेश सरकारले पछिल्लो समय बजेटको आकारभन्दा खर्चको गुणस्तर र कार्यान्वयन क्षमतालाई प्राथमिकता दिने नीति अघि सारेको छ। आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश सरकारले अघिल्लो वर्षभन्दा कम आकारको बजेट ल्याउँदै मितव्ययिता, पुँजीगत खर्च र परिणाममुखी कार्यक्रमलाई प्राथमिकता दिएको मन्त्री भट्टराईले बताए।-रासस

# धनुषामा ९जना फरार अपराधी पक्राउ

**खबर दर्पण समाचारदाता**

**भदौ २ गते, बर्दिवास**

धनुषा प्रहरीले विभिन्न मुद्दाका ९जना फरार अपराधीलाई मंगलबार पक्राउ गरेको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार कार्यालयबाट खटिएको टोलीले खोजतलासको क्रममा जिल्लाको विभिन्न स्थानमा लुकेर रहेको अवस्थामा फरार प्रतिवादीहरूलाई पक्राउ गर्न सफल भएको हो।

प्रहरी प्रवक्ता एवं डिएसपी मुधसुधन न्यौपानेका अनुसार जिल्ला अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएकोमा वारदात पश्चात् फरार लागु औषध मुद्दाका २ जना, कुटपिट मुद्दाका ३ जना, जालसाजी मुद्दाका २ जना, सवारी ज्यानका १ जना र विना इजाजत वन पैदावार ओसारपसारका १ जना गरी ९ जनालाई पक्राउ परेका हुन्।

पक्राउ परेका सबै फरार प्रतिवादीहरूलाई आवश्यक कारबाहीको लागि जिल्ला अदालत धनुषा चलान गरिएको छ।

# भूमिहीनको जग्गा वितरण प्रक्रिया पारदर्शी बनाउन रास्वपाको पहल

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौ २ गते, महोत्तरी**

महोत्तरीको गौशाला नगर पालिकामा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोवासीको लगत सङ्कलन, पहिचान, प्रमाणीकरण र जग्गा उपलब्ध गराउने प्रक्रिया पारदर्शी तथा निष्पक्ष बनाउन राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नगर समितिले पहल थालेको छ। रास्वपा गौशाला नगर समितिले नगरपालिकाका १२ वटै वडा कार्यालयमा आधिकारिक परिपत्र दर्ता गराउँदै भूमिहीनसम्बन्धी काममा वडास्तरीय सहजीकरण समितिमा मनोनित आफ्ना प्रतिनिधिलाई अनिवार्य सहभागी गराउन आग्रह गरेको हो।

नगर अध्यक्ष ज्ञानेन्द्रप्रसाद गुप्ताको नेतृत्वमा गएको प्रतिनिधिमण्डलले सबै वडा कार्यालयमा पुगेर परिपत्र बुझाएको जनाएको छ। नगर समितिको सर्वसम्मत निर्णयअनुसार वडा नं. १ देखि १२ सम्म सहजीकरण समितिमा प्रतिनिधि मनोनयन गरिएको छ। वडा नं. १ मा ईश्वरबहादुर कार्की, वडा नं. २ मा रामकुमार चौधरी, वडा नं. ३ मा सिम्लेश यादव, वडा नं. ४ मा हरिप्रसाद काफ्ले, वडा नं. ५ मा सुनिलचन्द्र झा, वडा नं. ६ मा सन्तोष यादव, वडा नं. ७ मा अब्दुल हसन शेख, वडा नं. ८ मा रमेश्वरसिंह महतो, वडा नं. ९ मा इन्द्रजित महतो, वडा नं. १० मा नानुकुलाल महतो, वडा नं. ११ मा जितेन्द्र चौधरी र वडा नं. १२ मा विलास महतो मनोनित हुनुभएको छ।

परिपत्र दर्तापछि नगर अध्यक्ष गुप्ताले वास्तविक भूमिहीन, दलित तथा सुकुम्बासीले न्याय पाउने गरी जग्गा वितरण प्रक्रिया अघि बढाउनुपर्ने बताउनुभयो। उहाँले भूमिहीनको लगत सङ्कलनदेखि पहिचान, प्रमाणीकरण, बैठक तथा निर्णय प्रक्रियासम्मका सबै चरण पारदर्शी हुनुपर्नेमा जोड दिनुभयो।

"वर्षौंदेखि ओझेलमा परेका

*बाँकी पृष्ठ ३ मा*

खबर दर्पण
राष्ट्रिय दैनिक



# मधेशलाई हेर्ने साम्प्रदायिक चस्मा



स्नेहा झा

सुनसरीको देवानगञ्जमा साउन १० गते भएको दुई पक्षीय विवाद र त्यसपछि भएको प्रहरीको अत्यधिक बल प्रयोगले अहिलेसम्म चार जना युवाको मृत्यु भइसकेको छ । केही उपचाररत छन् । घटनाको २० दिनभन्दा बढी भइसक्दा पनि त्यसको प्रभाव र चर्चा कायमै छ ।

यो चर्चा, बहस, विश्लेषण हुनु आवश्यक पनि छ । विशेष गरेर सर कार र सत्तारुढ दलका सांसदहरूले नै घटना साम्य भएको मात्र हो, खतरा टरेको छैन भन्ने अभिव्यक्ति दिइरहेको अवस्थामा यी र यस्ता अन्य घटनाहरूको मुल कारणभित्र प्रवेश गर्नु अत्यावश्यक हुनजान्छ ।

बदलिँदो सामाजिक आयामहरूको चर्चा हुनुलाई अस्वाभाविक वा आपत्तिजनक मान्न सकिँदैन । तर यो घटना र यसलाई केन्द्रमा राखेर मधेशको सामाजिक सौहार्द्रतामाथि जस्तो भाष्य बनाएर चर्चा हुँदैछ, त्यो पक्कै चिन्ताजनक छ । यसै सन्दर्भमा केही दिन पहिले अनलाइनखबर डटकममा सञ्चारकर्मी बिनु सुवेदीको लेख 'मधेशको अयोध्याकरण' प्रकाशित भयो । सो लेखले पनि मधेशी समाज र विशेष गरेर मधेशमा धार्मिक बहुसंख्यकको रुपमा रहेका हिन्दु समुदायमाथि एकतर्फी दोषारोपण गर्दै मधेशलाई असहिष्णु र साम्प्रदायिक देखाउन खोजेको भन्दै सामाजिक र राजनीतिक रुपले सचेत अधिकांश मधेशीले असन्तुष्टि जनाए ।

लेखमा बढ्दो धार्मिक उग्रता, सीमापारिको धार्मिक एजेन्डा सहितको राजनीतिको प्रभाव, टेलिभिजन र मोबाइलफोनमार्फत आइरहेका उग्र धार्मिक नारा तथा वैचारिक असहिष्णुताको प्रसार, मधेशमा बढ्दै गइरहेका धार्मिक संघसंगठन र तिनका क्रियाकलापहरू लगायत विभिन्न विषयमा चर्चा गरिएको छ । तर चर्चा र बहस गर्नैपर्ने मुख्य विषय, मधेशको सामाजिक - राजनीतिक इतिहासबारे मौनता छ । पञ्चायतदेखि गणतन्त्रसम्मको परिवर्तन भइसक्दा पनि हरेक राजनीतिक कालखण्डमा मधेशमाथि काठमाडौँद्वारा गरिएको नश्लीय राजनीति र सुनियोजित षड्यन्त्रहरूबारे लेख मौन छ ।

कुरा देवानगञ्ज घटनाको मात्र होइन, यस्तै प्रवृत्तिका अन्य घटनाहरू पनि छन् । के यी घटनाहरू केवल साम्प्रदायिक द्वन्द्व या हिंसा हुन् ? वा साम्प्रदायिक दंगाको नाम दिएर सँधै भैं मुल कारणलाई ओभेलमा पारिँदैछ र फेरि अर्को यस्तै घटनाको लागि मधेशलाई तयार गरिँदैछ ?

सुनसरीमा भएको घटना, लगत्तै अन्य जिल्लाहरू र मधेश प्रदेशमा भएको आन्दोलन, केवल दुई धार्मिक समुदायबीचको तनाव थियो ? वा राज्यका संयन्त्रहरूले तत्कालको सामान्य परिस्थिति नियन्त्रणमा लिन नसक्दाको वा लिन नचाहँदाको परिणाम ? युवाहरूको दुई समूहबीच भएको भगडालाई सामान्य शान्तिसुर क्षासँग सम्बन्धित घटनाको रुपमा सम्हाल्न नसक्नु प्रहरीको अक्षमता थियो ? वा कुनै ठूलै विष्फोट हुनका लागि वर्षौंदेखि जानी जानी सल्किन दिइएको आगोको भिल्को, जसले अनुकुल समय पाउनसाथ मधेशलाई जलायो ? भारतबाट स्वाभाविक रुपले सर्दै आएको धार्मिक उग्रताको बहावको कारण यी घटनाहरू हुँदैछन् ? वा मधेशलाई कहिले शान्त हुन दिन नचाहने नेपालकै सर्वकालिन नश्लीय राजनीतिक - सामाजिक चरित्रको परिणाम हुन् यी घटनाहरू ?

प्रश्न धेरै छन् । उत्तर एउटा घटना, वा यस्ता अन्य केही घटनाहरूमा मात्र खोजेर हुँदैन । सामाजिक द्वन्द्व एक दिनमै हिंसाको रुप लिएर सडकमा आइपुग्दैन । तराई मधेशमा यी दंगा र हिंसाहरूको एकमात्र कारण धर्म होइन । अन्य सबै कारणलाई छेउमा राखेर मात्र धार्मिक उग्रता र असहिष्णुताको दोष देखाउनु सतही बुझाइ हुनसक्छ । अन्जानमा होस् या जानी जानी, मधेशलाई असहिष्णु हुनुको दोष दिन खोजिँदैछ । एउटा यस्तो भाष्यको निर्माण गर्ने प्रयास हुँदैछ, जहाँ कुनै सत्यता छैन । वा त्यो पूर्ण सत्य होइन, केवल आंशिक सत्य हो ।

अहिले भइरहेका विश्लेषणहरूमा नरम शब्दहरूको प्रयोग भइ रहेको भएपनि बिस्तारै यी विश्लेषणहरूले आम बुझाइको रुप लिनेछन् । र दोषैदोष थोपरिएको मधेशमाथि अर्को एउटा दोष थपिनेछ, असहिष्णु हुनुको दोष । मधेशलाई होच्याएर हेर्ने नयाँ चस्मा तयार हुँदैछ, 'साम्प्रदायिक चस्मा' । जसले मधेश असहिष्णु र साम्प्रदायिक हुँदै गएको दृश्य मात्र देखाउँछ । तसर्थ यस बुझाइको खण्डन समयमै गर्नु आवश्यक छ । यस्तो भाष्य निर्माणमा सहयोगी भूमिका खेल्नुबाट जिम्मेवार सञ्चारमाध्यमहरू, बुद्धिजीवी, नागरिक समाज जोगिनु पनि उति नै आवश्यक छ ।

मधेशमाथि यसअघि पनि विभिन्न भाष्यहरू बनाइएका छन् । मधेश र मधेशीलाई विभिन्न दोषहरू लगाइएका छन् । जसको जवाफ हाम्रा पुर्खाहरूले दिने प्रयास गरिरहे । अहिलेपनि ती दोषयुक्त प्रश्नहरूले हामीलाई छाडेका छैनन् । हाम्रो पुस्तासम्म आइपुग्दा र हामीपछिको पुस्ताले पनि सम्पूर्ण दोष, आरोप र भाष्यहरूको खण्डन गर्नमै आफ्नो समय सिध्याइरहेको छ । यस्तोमा कुनै घटना वा केही घटनाको सतही कारण समातेर सिंगो मधेशी समाजको सभ्यता, संस्कार र सहिष्णुतामाथि प्रश्न उठ्ने गरी पुनः कुनै अपमानजनक भाष्य बनाउनु मधेश र मधेशीमाथि अर्को अपराध हुनेछ ।

सुनसरीकै घटनामा पनि मुख्य दोषी कुनै समुदाय हो वा अनावश्यक र सन्देहात्मक शैलीमा बल प्रयोग गर्ने प्रहरी प्रशासन भन्ने बहस जति हुनुपर्ने त्यति भएकै छैन । बहस र विश्लेषणको दिशा दुई धार्मिक समुदाय बीचको द्वन्द्वमा केन्द्रित भएको छ । यसमा सर कारको पनि गल्ती छ । दुःखद घटनाको जवाफदेहिता स्थानीय प्रशासन, सुरक्षा संयन्त्र र स्थानीय राजनीतिक नेतृत्वको काँधमाथि जानुपर्थ्यो । तर सरकारका संयन्त्रहरूले नै दुई समुदायबीचको द्वन्द्व भनेर परिभाषित गर्नु आफ्नो पहिलो दायित्व ठान्यो ।

सरकारका सम्पूर्ण संयन्त्रहरू सिंहदरबारमा बस्नेहरूप्रति उत्तर दायी हुन्छन् । सिंहदरबार सत्ता र शक्तिको केन्द्र हो । सत्ताको चरित्र आफ्नै किसिमको हुन्छ । नागरिक समाज, सञ्चारजगत र बुद्धिजीवीहरूले सत्ताको चरित्रभन्दा फरक चरित्र देखाउन सक्नुपर्छ । त्यसैले सिंगो मधेशी समुदाय र विशेष गरेर यहाँका बहुसंख्यकहरूलाई असहिष्णु प्रमाणित गर्ने कथ्यहरू सार्वजनिक भइरहँदा केही तथ्यमा ध्यान दिनु जरुरी छ । अहिले नै तथ्यहरूको विश्लेषण गरिएन भने कालान्तरमा कथ्यहरूले सत्यको रुप लिन्छन् । जुन वास्तवमा सत्य हुँदैनन् । तर दोहोऱ्याई तेहेऱ्याई प्रस्तुत गरिएपछि त्यसले सत्य हुनुको आभाष दिन थाल्छ ।

देशको कुल भूगोलको करिब १७ प्रतिशत मात्र रहेको तराई भूभागमा देशको कुल जनसंख्याको करिब ५३ प्रतिशत मानिस बसोबास गर्छन् । र यसमा पनि एक तिहाई भन्दा बढी गैर मधेशी मुलकाहरूको बसोबास छ । जसको भाषा, संस्कृति, रहनसहन, खानपान केही पनि मधेशी समाज र सभ्यतासँग मिल्दैन । तर पनि मधेशले वर्षौंदेखि सबैलाई खुला हृदयले स्वीकारेको छ ।

देशको अरु कुनै पनि भूभागमा भन्दा तराई मधेशमा धार्मिक, सांस्कृतिक र भाषिक हिसाबले मिश्रित समाज रहेको छ । यसमा संघीय राजधानी काठमाडौं एउटा अपवाद हुनसक्छ । तराई मधेशले सबैलाई आफ्नो भूमिमा स्वागत गरेको छ । सँधै मिलेरै बसेको छ ।

मधेशका कतिपय गाउँशहरमा मधेशीहरू नै अल्पमतमा परि सके । तर पनि मधेशले धैर्य गुमाएको छैन । मधेशको कैयौं गाउँ, शहर, चोक र गल्लीहरूको नाममा मधेशीपन छैन । तर पनि मधेशले त्यसलाई सगर्व स्वीकारेको छ । मधेशले पञ्चायत कालदेखि नै आफ्नो भूमिबाट गैरमधेशी मुलका नेताहरुलाई जिताउँदै आफ्नो प्रतिनिधिको रुपमा काठमाडौं पठाउँदै आएको छ । मधेशको यस सामाजिक सांस्कृतिक संस्कारमा मधेश आन्दोलन पछिका वर्षहरुमा केही विचलन पक्कै देखिएको थियो । तर त्यो मधेशी समुदाय मात्रको दोष थिएन । त्यो तात्कालिन राजनीतिक परिस्थिति र वर्षौंदेखि मधेशमाथि गरिँदै आएको विभेदविरुद्धको विष्फोट थियो । जसलाई थप सल्काउने काम राजनीतिक नेतृत्वले गरे । तराई मधेश बाहेक देशको अन्य भूगोलमा हामीले यस्तो खालको कुनै समाजको परिकल्पना गर्न सक्छौं ? अपवादको रुपमा देशको राजधानी काठमाडौंलाई छोडिदिने हो भने तराई मधेश बाहेक कुन भूगोलले आफ्नो गाउँशहरमा आफ्नै गाउँठाउँको संस्कृति र संस्कारलाई चुनौति दिनेगरी अन्य कुनै समुदायको स्थायी उपस्थितिलाई हर्षका साथ स्वीकार्नेछ ? यस्तो सहिष्णुता मधेश बाहेक देशको अर्को कुनै भूगोलमा यति स्पष्टताका साथ देखिएको छैन । अपवाद भनिएको काठमाडौंले मधेशीलाई आश्रय त दिएको

*बाँकी पृष्ठ ३ मा*


## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मधेशलाई हेर्ने साम्प्रदायिक..............

छ, तर भेदभाव र अपमान गर्न छोडेको छैन। त्यसैले पहिलो सत्य यो स्वीकार्नु आवश्यक छ कि देशको सबैभन्दा सहिष्णु समाज मधेशी समाज हो ।

जब कुनै समाज विकासको हरेका सूचङ्काकमा पछाडि पर्दै जान्छ, देशको एउटा भूगोललाई सत्ताले नै दशकौंदेखि दोहन गरिराख्छ, जहाँका युवाहरूमा शिक्षाप्रतिको मोह भंग हुनथाल्छ र बेरोजगारीले जरा गाड्छ, जुन समाजको नाबालक र किशोरहरू अभिभावक बिना नै हुर्किन्छन्, कालान्तरमा त्यस समाजमा सामाजिक विचलन आउँछ नै ।

कामको लागि विदेशिनेहरू सबैभन्दा धेरै मधेशबाटै छन्। अधिकांश खाडी मुलुक जान्छन् । मधेशमा सार्वजनिक शिक्षा र स्वास्थ्य सेवाको अवस्था दयनीयभन्दा पनि गएगुज्रेको छ । यहाँको मुख्य पेशा कृषिले अब परिवारको खर्च धान्न पनि गा¬ हो छ । यहाँ आउने प्रशासकहरू मनमा सेवाभाव लिएर आउँदैनन्, शासन र आर्थिक भ्रष्टाचार गर्ने नियत बोकेर आउँछन् । मधेशको समग्र विकासको लागि समर्पित व्यक्ति न राजनीतिक वृत्तमा देखिन्छन् र प्रशासनिक क्षेत्रमा । यस्तोमा मधेशी समाजमाथि भारतीय प्रभावकै कारण सामाजिक विचलन आएको हो भन्नु राज्यको गैर जिम्मेवारीलाई ढाकछोप गर्नु मात्र हो । वा मधेशलाई विकसित हुननदिने षड्यन्त्रको पक्षधरता हो पनि भन्न सकिन्छ ।

बदलिँदो सामाजिक परिवेशकै कुरा गर्ने हो भनेपनि मधेशमाथि एकोहोरो साम्प्रदायिकताको दोष लगाउनु आफैमा साम्प्रदायिक सोच हो । सुनसरीको घटना र यस्ता अन्य घटनाहरूको एक मात्र कारण 'जय श्री राम' को नारा र 'राम र हनुमान' चित्राङ्कित झण्डा हो भन्ने बुझाई पनि साम्प्रदायिक सोच नै हो । अल्पसंख्यक होस् वा बहुसंख्यक, यस्ता घटनाहरूको पूर्ण दोष कुनै एक समुदायलाई मात्र दिनु भनेको अर्को विषम परिस्थितिको निर्माण गर्न खोज्नु हो । बहुसंख्यकमाथि सबै दोष थोपरिदिनु सहिष्णुताको परिभाषा होइन । यदि विचारमा सन्तुलन छैन भने त्यो साम्प्रदायिक सोच हुन्छ। साम्प्रदायिक सोच सँधै अल्पसंख्यककै विरुद्धमा आउँछ भन्ने छैन, कहिलेकाँही बहुसंख्यकविरुद्ध पनि आउनसक्छ ।

अल्पसंख्यकहरूप्रति राज्यको विशेष दायित्व हुन्छ, हुनैपर्छ। अल्पसंख्यक र पछाडि पारिएका समुदायप्रति राज्यले सकारात्मक विभेदको नीति अवलम्बन गर्नुपर्छ । समाजमा सामञ्जस्यता र सौहार्द्रता कायम गर्ने मुख्य जिम्मेवारी बहुसंख्यकहरूको हो, यो पनि सत्य हो । तर यी सबै सत्यलाई स्वीकारिरहँदा बिर्सन नहुने अर्को कुरा के हो भने धार्मिक भावना सबैको उस्तै हुन्छन्। असंवेदनशील वक्तव्यले अल्पसंख्यक वा बहुसंख्यक सबैको धार्मिक भावना आहत हुनसक्छ । एउटा समुदायको धार्मिक भावनाको कदर गरिरहँदा अर्को समुदायको धार्मिक भावना आहत भएको छ कि भन्ने विचार पु¬याउनु पनि आवश्यक हुन्छ ।

बहुसंख्यकहरूमाथि एकतर्फी रुपले दोषारोपण गरिरहँदा, धार्मिक सौहार्द्रता र सहिष्णुता कायम राख्न बहुसंख्यकहरूले निर्वाह गरेको भूमिका पनि बिर्सन मिल्दैन। हिन्दु समुदायको सहिष्णुता, स्वीकार्यता र सबै धर्म-सम्प्रदायलाई सम्मान गर्ने मान्यताको कारण धार्मिक सामाजिक सौहार्द्रता कायम रहेको कुरा सार्वजनिक रुपले बोल्न लेख्न धेरैलाई अप्ठ्यारो लाग्छ । यो सौहार्द्रता बनिरहनुमा हिन्दु समाज मात्रको योगदान छ भन्न खोजेको होइन । अरु धार्मिक समुदायले पनि उति नै भूमिका खेलेका छन् । तर आलोचना र प्रशंसा दुबै सन्तुलित एवं न्यायोचित हुनुपर्छ भन्ने मुख्य आशय हो ।

भारतको हिन्दुवादी राजनीतिको प्रभाव मधेशमा देखिएको बुझाई पनि अहिले व्याप्त छ। यो बुझाई पुर्ण रुपले गलत होइन। तर सत्य केवल यति मात्र पनि होइन। छिमेकी मुलुकको राजनीतिको प्रभावबाट हामी अछुतो रहन सक्दैनौं । तर हामीलाई केवल भारतको हिन्दुवादी राजनीतिले छोएको छ भन्नु गलत हुनेछ। यदि हामीलाई भारतको उग्र हिन्दुवादले छोएको छ भने हामी पाकिस्तान, बंगलादेश, म्यानमार, इजरायल, प्यालेस्टाइन, अमेरिका र युरोपेली मुलुकहरूमा जे भइरहेको छ, त्यसको प्रभावबाट पनि मुक्त छैनौं । अयोध्याको प्रभावको चर्चा गर्ने हो भने म्यानमार र बंगलादेशको पनि चर्चा गर्नुपर्छ । एकपक्षीय रुपमा एउटा मात्र समुदायलाई लक्षित गरेर बयान र टिप्पणीहरू आउनु द्वन्द्व निरुपणको उपाय होइन । द्वन्द्व बढाउने युक्ति हो ।

अल्पसंख्यकको सम्मानसँगै बहुसंख्यकको सम्मान पनि किन आवश्यक छ भन्ने कुराको उदाहरण छिमेकी देशको राजनीतिले नै स्पष्ट पार्छ । भारतीय जनता पार्टीले केवल भ्रष्टाचार र विकासको मुद्दा बोकेर भारतीय कांग्रेसलाई तीन कार्यकालसम्म प्रतिपक्षमा राख्न सफल भएको होइन । भारतीय कांग्रेस अल्पसंख्यकको हितैषी रहेको र बहुसंख्यकको कदर नगर्ने भाष्य भाजपाले आम भारतीय हिन्दुमा स्थापित गर्न सफल भएको थियो। यसै महत्वपूर्ण भाष्यले भारतीय जनता पार्टीलाई लगातार तीन कार्यकालसम्म सत्तामा टिकाइरहन सहयोग गरेको छ । हामीले यस्तो कुनै गल्ती यहाँ गर्नुहुँदैन। यस्तो कुनै भाष्य यहाँ बन्न दिनुहुँदैन। होइन भने सोही भाष्यको सहाराले कुनै अतिवादी शक्तिले यहाँ पनि फल्ने फूल्ने मौका पाउनेछ ।

मधेश लामो समयदेखि संघर्षरत छ । अहिलेसम्म पहिचान र आत्मसम्मानको लडाईं नै पुरा जित्न नसकेको मधेशमा अर्को कुनै लडाईंको बीज दूर्भाग्यपूर्ण हुनसक्छ । अहिलेको पहिचान र आत्मसम्मानको लडाईं काठमाडौंकेन्द्रित हो । तर मधेशभित्रै सामाजिक द्वन्द्व सल्काउन मधेशविरोधी शक्तिहरू सफल भए भने दशकौंको संघर्षपछि प्राप्त उपलब्धीहरू पनि हाम्रो हातबाट फुत्किन थाल्नेछन् । पहिचान विरोधी एकल जातीय शासन चाहने वर्गले खोजेको यही हो ।

शिक्षा, स्वास्थ्य, रोजगारी जस्ता विषयमा बहस गर्न हामीसँग समय नै छैन । हामीभन्दा अघिल्लो पुस्ताले पहिचान र सम्मान सहितको राजनीतिक अधिकारकै लागि प्राण त्यागे । हामी पनि र ाजनीतिक अधिकारकै लडाईं लडिरहेका छौं । हामी पछिको पुस्ता पनि अस्तित्वकै लडाई लड्न बाध्य छन्। यस्तोमा मधेशी समाजमाथि धार्मिक उग्रता र असहिष्णुताको दोष लाग्न नदिने प्रण यहाँका बहुसंख्यक र अल्पसंख्यक सबैले लिनुपर्छ । मधेशलाई बदनाम गराउन खोज्ने षड्यन्त्रविरुद्ध हरेक धर्म, जात र वर्गका मधेशीले सामूहिक आवाज उठाउनुपर्छ ।

सामाजिक तथा सांस्कृतिक सद्भाव कायम राखौं

- सबै जाति, धर्म, भाषा, संस्कृति र परम्पराको सम्मान गरौं,
- विविधतामा एकता नेपालको पहिचान हो भन्ने भावना विकास गरौं,
- आपसी सम्मान, सहिष्णुता र भाइचाराको सम्बन्ध बलियो बनाऔं,
- सामाजिक विभेद, घृणा र भेदभाव अन्त्य गर्न योगदान दिऔं,
- चाडपर्व, संस्कार र संस्कृतिलाई सद्भावपूर्वक मनाऔं,
- अफवाह, द्वेषपूर्ण सूचना र गलत प्रचारबाट सचेत बनौं,
- संवाद, सहकार्य र समझदारीबाट समस्या समाधान गरौं,
- समावेशी, शान्तिपूर्ण र सभ्य समाज निर्माणमा योगदान दिऔं।

सामाजिक तथा सांस्कृतिक सद्भाव, समुन्नत समाजको आधार

गणेशमान चारनाथ नगरपालिका, धनुषा

सर्पको टोकाइबाट बचौं र बचाऔं

- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- सर्पले डसेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले डसेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- झारफूकलगायतका गलत परम्परागत उपचार विधितिर नलागौं,
- घरवरपरका सर्प बस्नसक्ने सम्भावित ठाउँको पहिचान गरी व्यवस्थापन गरौं,
- रातको समयमा बुट लगाएर टर्च लाईट बालेर हिड्ने गरौं,
- घरमा सर्प छिर्न सक्ने प्वालहरु बन्द गरौं,
- झुल लगाएर खाटमा सुत्ने गरौं।

लक्ष्मीनियाँ गाउँपालिका, धनुषा



# सुनसरी-सिरहा घटना रिपोर्ट : बाहिरी हतियारको प्रयोग छैन, गोली हान्नेलाई कारबाही सिफारिस

**खबर दर्पण समाचारदाता**

**भदौ २ गते, बर्दिवास**

सुनसरी र सिरहामा भएका घटनाको छानबिन गर्न बनेका दुई समितिले आन्दोलनमा बाहिरी घुसपैठ नभएको निष्कर्ष निकालेका छन् ।

दुई घटनाका लागि बनेका दुई छुट्टाछुट्टै समितिले बुझाएको प्रतिवेदनमा बाहिरी घुसपैठ नभएको र नेपाल प्रहरी तथा सशस्त्र प्रहरीले चलाएको गोलीबाटै चार युवाको ज्यान गएको निष्कर्ष निकालिएको हो ।

१० साउनमा सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जबाट सुरु भएको विवाद अन्यत्र जिल्लाहरूमा फैलिँदा बाहिरी घुसपैठ भएको हुनसक्ने र सुरक्षाकर्मी बाहेकबाटै गोली चलेको भन्ने किसिमका भ्रमहरू फैलिएका थिए ।

तर, दुवै समितिले प्रतिवेदनमा नेपाली सुरक्षाकर्मीले चलाएको गोलीका कारण चार युवाको मृत्यु भएको निष्कर्ष निकालेको हो । छानबिन समितिका एक सदस्यका अनुसार सुनसरीमा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट जम्मा २० राउन्ड गोली चलेको पाइएको छ । दुवैले चलाएको गोलीबाट तीन जनाको मृत्यु भएको बताइएको छ ।

कप्तानगञ्जमा सुरुमा सुरक्षाकर्मीको गोली लागेर स्थानीय ओमप्रकाश मेहताको मृत्यु भएको थियो । घाइते भई उपचाररत रहेका जयप्रकाश मेहता र रवीन्द्र मेहताको पनि मृत्यु भएको थियो ।

कप्तानगञ्जमा भएको झडप नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय देवानगञ्जका इन्स्पेक्टर राकेश राई र प्रहरी चौकी कप्तानगञ्जका असई प्रकाशकुमार श्रेष्ठ फिल्डमा खटिएका थिए ।

१० साउन राति १० बजे चर्को आवाजमा डिजे बजाएको विषयमा विवाद हुँदा झडप भएको थियो । हिन्दू र मुस्लिमको यो तनावमा घरेलु हतियारसहित आक्रमण सुरु भएको र प्रहरीले बल प्रयोग गरेको बताइएको थियो ।

त्यसपछि प्रहरीले गोली चलाएको थियो । तनाव बढ्दै भएपछि सशस्त्र प्रहरीको टोली पनि पुगेको र सशस्त्रले पनि गोली चलाएको बताइएको छ । दुवैतर्फको गोली लागेर कप्तानगञ्ज घटनामा तीन जनाको मृत्यु भएको थियो ।

त्यसैगरी, सिरहामा पनि प्रहरीले चलाएको गोलीका कारण गणेश यादवको मृत्यु भएको निष्कर्ष समितिले निकालेको छ । सिरहामा घटना भएको ठाउँमा जम्मा ९ राउन्ड गोली चलेको समितिको प्रतिवेदनमा उल्लेख छ । जसमध्ये ७ राउन्ड डमी र २ राउन्ड पेस्तोलबाट गोली चलेको बताइएको छ ।

पेस्तोलबाट चलेको एउटा गोलीबाट गणेश यादवको मृत्यु भएको र अर्को गोलीबाट अर्का व्यक्ति घाइते भएको प्रतिवेदनमा उल्लेख छ ।

त्यस्तै, सिरहामा पनि प्रहरी जवानलाई गोली लागेको दाबी गरिएको थियो । तर छानबिन समितिले ती जवानलाई गोली नलागेको बताएको छ ।

'मेडिकल्ली गोली लागेको भन्ने पुष्टि हुँदैन । छर्रासम्म लागेको हुनसक्छ,' एक सदस्यले अनलाइनखबरसँग भने, 'त्यहीअनुसार हामीले प्रतिवेदन बुझाएका छौं ।'

गोलबजारमा प्रहरी इन्स्पेक्टर सुदन केसी भिड नियन्त्रणमा खटिएका थिए । त्यतिबेलै गोली चलेको थियो ।

कप्तानगञ्ज घटनाबारे छानबिन गर्न गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापा नेतृत्वको समितिले छानबिन बनेको थियो । सिरहा घटनाको छानबिन गर्न गृहका अर्का सहसचिव पुष्पराज शाही नेतृत्वको समितिले छानबिन गरेको थियो । यी दुवै समितिले आजै प्रतिवेदन बुझाएका हुन् ।



प्रतिवेदन अध्ययनपछि कारबाहीमा जाने मन्त्रालयमा सहप्रवक्ता रमा आचार्यले बताइन् । 'समितिले आज प्रतिवेदन बुझाएको छ । अध्ययनपछि कारबाहीमा जान्छ,' आचार्यले अनलाइनखबरसँग भनिन् ।

### गोली चलाउनेलाई कारबाही सिफारिस

दुवै घटनामा गोली चलाउने सुरक्षा अधिकारीलाई कारबाहीको सिफारिस गरिएको छ । 'दुई फरक घटनामा जसले गोली चलाएको छ, उनीहरूलाई आवश्यक कारबाही गर्नुपर्ने सुझाव दिएका छौं,' समितिका एक सदस्यले भने ।

कारबाही सिफरिस गरिए पनि कस्तो कारबाही भनेर प्रष्ट रूपमा उल्लेख भने गरिएको छैन । प्रतिवेदनमा आवश्यक कारबाही मात्रै उल्लेख गरिएको छ । प्रतिवेदनमा कसको भूमिका-के भन्नेबारे पनि प्रष्ट रूपमा उल्लेख गरिएको बताइएको छ ।

घटना भएका बेला जिल्ला प्रहरी प्रमुखदेखि स्थानीय फिल्ड कमान्डरसम्मको भूमिका के थियो, सीडीओको भूमिका के थियो भन्नेबारे पनि प्रतिवेदनमा समेटिएको छ ।

### गोली चलाउने बडीवर्न क्यामेरा लगाउनुपर्ने

यसका साथै समितिले आगामी दिनमा यस्ता घटनाहरू दोहोरिन नदिन सुझाव पनि दिएको छ । सामाजिक, धार्मिक र सुरक्षाको समेत विश्लेषण गरी आगामी दिनमा अपनाउनुपर्ने विषयहरू समेटेर सुझाव दिइएको बताइएको छ ।

जसमा भिड नियन्त्रणमा जाने सुरक्षाकर्मीले गैरघातक हतियार बोक्नुपर्ने, रबरको गोली चलाउनुपर्ने सुझाव दिइएको छ । यसका साथै हतियार बोक्नेले बडीवर्न क्यामेरा लगाउनुपर्ने प्रतिवेदनमा उल्लेख छ ।

भिड नियन्त्रणको क्रममा भिडियो तथा फोटो खिच्नुपर्नेसम्मको सुझाव समितिले दिएको छ । विधि विज्ञान प्रयोगशालालाई थप सुदृढीकरण गर्नुपर्ने, भिड नियन्त्रणको तालिमदेखि स्रोतसाधनयुक्त हुनुपर्नेसम्मका सुझावहरू प्रतिवेदनमा दिइएको छ ।-अनलाइन खबर


**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**

**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**गौशाला नगरपालिका, महोत्तरी**

**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**

**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**औरही नगरपालिका, महोत्तरी**

**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, बीउ समयमै उपलब्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुर्‍याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलब्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलब्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**मटिहानी नगरपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)

उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com

प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा   मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,